# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

Sancharika Samuha
समानताको लागि सञ्चार
Community for Equality

वर्ष ११ | अंक १ | मासिक | पुस/माघ | January, 2008



- *अधिकारका लागि सङ्गठित हुँदैछन् पतिपीडित* — बिमला पाण्डे
  कानुन नै असहयोगी
- *मदरसालाई मूलधारमा ल्याउने घोषणा* — शारदा गैरे
  फितलो कार्यान्वयनको नमूना
- *निर्माण पूरा नहुँदै भत्कियो राजमार्ग* — गीता विक
  *सरकारी विकास निर्माण झारा टार्ने काम मात्रै*
- *राजनीतिक संरक्षणमा नासिँदै छ वन* — लोग्सरी कुँवर
  रोक्ने पहल कतैबाट भएन
- *परिवार नियोजन पनि महिलाकै 'ठेक्का'* — दुर्गा देवकोटा
  लोग्नेकै कारण स्वास्थ्य जोखिममा
- *आधुनिक विकासको अर्को पाटो* — यामु कँडेल
  पेसा र रोजीरोटी दुवै सङ्कटमा
- सूचनाको संसार वेभसाइट — इन्दिरा आचार्य
  साइबरमा राम्रोभन्दा नराम्रो कामको प्रयोग





सञ्चारिका समूह/नेपाल

# अधिकारका लागि सङ्गठित हुँदैछन् पतिपीडित

*लोग्नेले अर्की स्वास्नी भित्र्याउँदा वा बिहे गर्छु भन्दै बिहे नगर्दा बिचल्लीमा परेका महिला अनेक समस्यासँग जुधिरहेका छन् । प्यूठानका यस्तै लोग्नेपीडित महिलाले सङ्गठित भई अधिकारको लडाइँ सुरु गरेका त छन् तर, विद्यमान कानुन नै उनीहरूको सहयोगी छैन ।*

✍ विमला पाण्डे

**प्यूठान**/ दिनभर जङ्गलमा दाउरा खोज्ने, बेच्ने र त्यसबाटै आएको दुई-चार रुपैयाँले साँझबिहानको छाक टार्ने उनको दैनिकी हो, दाउरा नबिकेको दिन त त्यही पनि गाह्रो। खैरा गाविस-रोप्चुकी रोमा नेपालीलाई दाउरा खोजेर नबेचेसम्म गुजारा गर्ने उपाय छैन । नौ वर्षदेखि दाउरा बोक्दाबोक्दा शरीर पनि सुकेर दाउराजस्तै भइसक्यो । तर, नगरी पनि सुख छैन । दाउरा बिक्री नगरे आफ्नो र काखेछोरीको पेट केले भर्ने ? लामो सुस्केरा हाल्दै उनी भन्छिन्, 'यस्तै रहेछ मेरो जिन्दगी ।'

माइतीघरनजिकै स्याउलाले बेरेको छाप्रोमा छोरीसँगै अभाव र गरिबीसँग लड्दै बाँच्नुपर्ने उनको बाध्यता छ । गाउँकै गुमानसिंह नेपालीसँगको शारीरिक सम्बन्धबाट छोरी जन्मेपछि रोमाका पीडादायी दिन सुरु भएका हुन् । जब बिहे गर्ने लोभ देखाएका गुमानले उनलाई धोका दिए, पत्नी स्वीकारेनन् । 'के खाउँ, के लाउँ भएर बाँचेकी छु, केही काम पाए गर्थें, दाउरा बेचेर बाँच्नै गाह्रो छ,' उनी दुःखेसो सुनाउँछिन्, 'सँगै बाँच्ने सँगै मर्ने कसम खाएकोले त यो हालत बनायो, अरूले झन् मलाई के सहयोग गर्लान् ?' साँझबिहानको छाक टार्नै गाह्रो भएका बेला हुर्केकी छोरीलाई पढाएर ठूलो मान्छे बनाउने उनको सपना पनि सपनामै सीमित छ ।

भारतीय सेनाका जागिरे गुमानसिंहले 'बिहे गर्छु' भन्दै रोमालाई फकाएका थिए । उनको प्यूठानमा मनग्गे सम्पत्ति छ, पत्नी नस्वीकारे पनि सम्पत्ति पाए केही सजिलो होला भन्ने आशले रोमाले समाज र 'जनअदालत'सम्म गुहारिन् । जनअदालतको फैसलाअनुसार, गुमानसिंहले एक वर्ष छोरीलाई रु. १० हजार दिए तर, त्यसपछि वास्ता गरेनन् । 'मुद्दा लडेर भए पनि सम्पत्ति लिऊँ कि जस्तो पनि लाग्छ, तर कहाँ जाने, के गर्ने केही थाहा छैन । सहयोग गर्ने न माइती छन् न अरू कोही नै,' आँसु झार्दै उनले पीडा पोखिन् ।

रोमाको जस्तै विजोग छ, खलङ्गा-पाण्डेडाँडाकी ५१ वर्षीया सुमाकुमारी थापाको । तर,

*भारतीय सेनाका जागिरे गुमानसिंहले 'बिहे गर्छु' भन्दै रोमालाई फकाएका थिए । उनको प्यूठानमा मनग्गे सम्पत्ति छ, पत्नी नस्वीकारे पनि सम्पत्ति पाए केही सजिलो होला भन्ने आशले रोमाले समाज र 'जनअदालत'सम्म गुहारिन् । जनअदालतको फैसलाअनुसार, गुमानसिंहले एक वर्ष छोरीलाई रु. १० हजार दिए तर, त्यसपछि वास्ता गरेनन् । 'मुद्दा लडेर भए पनि सम्पत्ति लिऊँ कि जस्तो पनि लाग्छ, तर कहाँ जाने, के गर्ने केही थाहा छैन । सहयोग गर्ने न माइती छन् न अरू कोही नै,' आँसु झार्दै उनले पीडा पोखिन् ।*

कथा अलि फरक छ । तीन छोरीकी आमा सुमा आफ्नै लोग्नेले लत्याएपछि यो विजोगमा परिन् । उनका लोग्ने नेपाल प्रहरीका अवकाशप्राप्त इन्स्पेक्टर हुन् । २०२८ सालमा विवाहबन्धनमा बाँधिएकी उनलाई छोरा नजन्माएको निहुँमा लोग्ने सूर्यबहादुरले कुटपिट गर्दै बिहे गरेको आठ वर्षपछि सौता मात्रै हालेनन्, घरबाटै निकालिदिए । बाँसले बेरेको सानो झुपडीमा अरूको ज्यालामजदुरीको काम गर्दै जसोतसो गुजारा चलाएकी उनको विजोग सुनिनसक्नु छ । उनी भन्छिन्, 'दुईवटी छोरीको जसोतसो बिहे गरेँ, अब बुढेसकालमा काम पनि गर्न सक्दिनँ, कसरी बाँच्ने हो ?' लोग्नेबाट आधा सम्पत्ति

*जागिरका क्रममा जहाँ सरुवा भयो त्यहीँ बिहे गर्ने प्रहरीका पत्नीहरूको विजोग पनि सुनिनसक्नु छ । तिनैमध्ये खलङ्गाका प्रहरी हवल्दार मेघबहादुर बस्नेत पनि एक हुन् । प्यूठानकी लक्ष्मी बस्नेत उनकी पहिलो पत्नी हुन् । मेघबहादुरले रोल्पाको लिवाङ, थवाङ, जुम्ला र दाङमा कार्यरत रहँदा लक्ष्मीबाहेक पाँचवटा बिहे गरेका छन् । ती पाँचजनामध्ये उनी जुम्लाकी कान्छी स्वास्नीलाई लिएर अहिले बाँकेको कुसुममा बसेका छन् । कान्छीका नाममा पेन्सन र सम्पत्तिपट्टा बनाइदिएका उनले सबै स्वास्नी छोडिसकेका छन् ।*

पाए उनको यो विजोग कम हुन्थ्यो होला । तर, सम्पत्ति पाइन्छ भन्ने नै थाहा छैन उनलाई ।

जागिरका क्रममा जहाँ सरुवा भयो त्यहीँ बिहे गर्ने प्रहरीका पत्नीहरूको विजोग पनि सुनिनसक्नु छ । तिनैमध्ये खलङ्गाका प्रहरी हवल्दार मेघबहादुर बस्नेत पनि एक हुन् । प्यूठानकी लक्ष्मी बस्नेत उनकी पहिलो पत्नी हुन् । मेघबहादुरले रोल्पाको लिवाङ, थवाङ, जुम्ला र दाङमा कार्यरत रहँदा लक्ष्मीबाहेक पाँचवटा बिहे गरेका छन् । ती पाँचजनामध्ये उनी जुम्लाकी कान्छी स्वास्नीलाई लिएर अहिले बाँकेको कुसुममा बसेका छन् । कान्छीका नाममा पेन्सन र सम्पत्तिपट्टा बनाइदिएका उनले सबै स्वास्नी छोडिसकेका छन् । लक्ष्मी भने अरूको ज्यालादारीको काम खोज्दै गुजारा गर्छिन्, यही दुःखजिलो गरी उनले छोराछोरी हुर्काएकी छिन् । 'सम्पत्ति माग्दा तेरो हक छैन, जे गरे पनि गर् भन्दै पिटेर लखेटे,' आफ्नो विजोग सम्झँदै उनी भन्छिन्, 'मेरो यो विजोग छ, उनकै कारण अरू सौताले पनि दुःख पाएका छन् ।'

प्रहरी-सेनामा जागिरे भनेपछि आँखा चिम्लेर हाम्फाल्ने र दुःख पाएपछि फुर्सदमा पछुताउने धेरै महिलाको नियति बनेको छ । उमेर हुन्जेल उनीहरू केही सोच्दैनन् । तर, उमेर घर्केपछि पछुताउँछन् । खलङ्गाकी चुमा पाण्डे ५० कटेपछि पछुताउँदैछिन् । 'पहिले लोग्नेले छोडे पनि आफैं केही गर्छु भन्दै बसेँ, अहिले बुढेसकालमा बिमारीले पनि च्याप्न थालेपछि पछुताउँदैछु,' उनी भन्छिन्, 'उतिबेला भाग्यमा लेखेको भन्दै चुपचाप सहेर बसेँ, केही नभए पनि सम्पत्तिमा दाबी गर्नुपर्दोरहेछ, बुद्धि पुगेन ।'

नेपालको मुलुकी ऐनको ११औं संशोधनमा बहुविवाह गर्नेलाई रु. ५ हजारदेखि २५ हजारसम्मको जरिवाना र एकदेखि तीन वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । विवाह गरेको थाहा पाएको ३ महिनाभित्र मुद्दा दर्ता गर्नुपर्ने र मुद्दा सरकारवादी हुने भएकाले पीडित महिलाले न्याय पाउन सक्ने सम्भावना पनि रहन्छ । तर, व्यवहारमा कानुनअनुसार महिलाले न्याय पाउन नसकेको अधिवक्ता चूडामणि भुसाल बताउँछन् । कानुन हुँदाहुँदै पनि किन न्याय पाउँदैनन् त महिलाहरू ? अधिवक्ता भुसाल यसमा महिलाकै कमी औंल्याउँछन् । उनी भन्छन्, 'कानुन कार्यान्वयनका लागि महिलामा सचेतनाको कमी छ, कतिलाई त कानुनबारे जानकारी नै छैन ।'

शायद त्यही भएरै हुनुपर्छ, स्वास्नी नस्वीकार्ने वा अर्को बिहे गरेर लोग्नेले छोडेपछि बिचल्लीमा परेका प्यूठानका महिलाले ढिलै भए पनि अहिले अधिकारको लडाइँ पनि थालेका छन् । जिल्लाका ६०/७० जना महिलाले *लोग्नेपीडित महिला समूह* गठन गरी त्यो अभियान थालेका हुन् । अधिकारकर्मी, राजनीतिक दल र सरोकारवालालाई आफूहरू कानुनबाटै ठगिएको बताउँदै उनीहरू आफ्नो अभियानमा सामेल गराउँदैछन् । किनभने, बहुविवाहपछि महिलाले आधा अंश आफैंसँग राख्न पाउने व्यवस्था मुलुकी ऐनले नै गरेकाले त्यस्तो हिम्मत पनि आएको छ । तर, प्रहरी कानुनमा त्यो व्यवस्था नहुँदा भने समस्या छ । लोग्नेको आधा तलब बुझ्न थालेकी सारिवाङकी ३१ वर्षीया कमला सारूको लोग्नेको पेन्सन, तलब र सम्पत्तिसमेत आधा गराउने धोको छ, तर गाह्रो छ । भन्छिन्, 'कानुनमै व्यवस्था छैन, हाम्रा लागि सजिलो कानुनी व्यवस्था बनाइदिनुपर्‍यो ।'

गत फागुनदेखि सङ्गठित यी महिला अभियानमा धेरै प्रगति नभए पनि निराश भने छैनन् । थोरै भए पनि उनीहरूले सहयोग पाउन थालेका छन् । प्रहरी मुख्यालयले सेवा ऐनमा नभए पनि निवेदनका आधारमा बहालवाला प्रहरीको तलब कट्टा गरी पत्नीहरूलाई दिन थालेको प्यूठानका प्रहरी नायव उपरीक्षक श्याम ज्ञवाली बताउँछन् । उनी भन्छन्, 'अवकाशप्राप्तबाहेक अरूका लागि मुख्यालयबाट सहयोग मिलेको छ ।' यस्तै घटना नेपाली सेनामा पनि छन् । तर, सेनामा यस्ता समस्या परे सिधै सैनिक अदालतले हेर्ने हुँदा सेनापीडित महिला न्याय नपाएको गुनासो गर्छन् ।

प्यूठानकी महिला विकास अधिकृत तुल्सा अर्याल सेना र प्रहरीमा बहुविवाहको समस्या डरलाग्दो रूपमा रहेको र धेरै महिलाले त्यसको समस्या भोलिरहेको बताउँछिन् । उनी भन्छिन्, 'अब यसबारे सबैको ध्यान जानैपर्छ ।' प्यूठानका यी महिलाको कथाव्यथा हेर्दा लाग्छ, अब बहुविवाह र सम्पत्तिसँगै बालअधिकारको मुद्दालाई पनि हेर्नुपर्ने हुन्छ । किनभने यही समस्याका कारण सयौं बालबालिका बाबुआमाको माया, शिक्षा, स्वास्थ्यलगायत अधिकारबाट बन्चित छन् । सेना, प्रहरी र निजामती सेवामा यी समस्या सबैभन्दा चर्को रूपमा देखिन्छन् । तर, यिनै क्षेत्रमा प्रस्ट कानुनी व्यवस्था नहुँदा महिला र बालबालिका अन्याय र शोषणमा परेका पनि छन् । सेना, प्रहरी र निजामती सेवा ऐनमा नै तलब र पेन्सन आधा पाउने व्यवस्था गरिनुपर्नेमा जोड दिँदै महिला विकास अधिकृत अर्याल भन्छिन्, 'कानुनमै त्यो व्यवस्था गरिनुपर्छ, साथै महिलालाई कानुनी रूपले सचेत बनाउनुपर्छ ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# मदरसालाई मूलधारमा ल्याउने घोषणा

***धार्मिक विद्यालय मदरसाहरूमा शैक्षिक मात्र होइन व्यवस्थापकीय सुधार हुनु पनि जरुरी छ । नत्र ती नाम मात्रका सामुदायिक विद्यालय हुन्छन्, काम धार्मिक नै हुन्छ ।***

**✍ शारदा गैरे**

*मदरसामा भौतिक साधनस्रोतको अभाव छ । हेर्दा भवन राम्रै छन् । तर, विद्यार्थीलाई बस्नका लागि बेञ्च छैनन् । उनीहरू चिसो भूइँमा बसेर पढ्नुपर्छ । धेरैजसो बालबालिकाले त नेपाली भाषा बुझ्दैनन् । धार्मिक शिक्षकले नै कामचलाउ सरकारी पाठ्यक्रम पढाउँदा उनीहरूलाई सिक्न गाह्रो भएको छ । पाठ्यपुस्तक र छात्रवृत्तिसमेतबाट उनीहरू बन्चित छन् ।*

**कपिलवस्तु**/ नेपालको अन्तरिम संविधानले प्रत्येक व्यक्तिलाई आफ्नो मातृ भाषामा आधारभूत शिक्षा पाउने हक दिएको छ । सरकारले धार्मिक पाठशालाका रूपमा सञ्चालन भएका मदरसालाई प्राथमिक विद्यालयको मान्यता दिएको छ । तर, त्यसअनुसार सुविधा भने दिएको छैन । त्यसैले धेरै मदरसा सञ्चालकहरू अहिले सरकारी पाठ्यक्रम कसरी पढाउने भनेर अन्योलमा छन् । प्राथमिक विद्यालयको मान्यता पाएका धेरैजसो मदरसाले अहिले पनि सरकारी पाठ्यक्रमका किताब पढाएका छैनन् ।

मुस्लिम जागरुक मञ्च कपिलवस्तुका अध्यक्ष करम हुसेन आवश्यक भौतिक साधन नहुँदा सरकारी पाठ्यक्रम सञ्चालन गर्न नसकेको दुःखेसो गर्छन् । उनी भन्छन्, 'कम से कम सरकारले सरकारी विद्यालयलाई दिने सुविधा मदरसालाई दिनुपर्‍यो । नत्र कसरी कक्षा सञ्चालन गर्ने ? कसरी शिक्षक राख्ने ? पुराना शिक्षकले सरकारी कोर्स पढाउन सक्दैनन् । त्यसलाई के गर्ने ?'

कपिलवस्तुमा एक सय ९३ मदरसा छन् । त्यहाँ करिब १८ हजार बालबालिका अध्ययनरत छन् । तर, जिल्ला शिक्षा कार्यालयको अभिलेखमा भने एक सय ७५ मात्रै मदरसा रहेको रेकर्ड छ । यी सबै सामुदायिक विद्यालयअन्तर्गत दर्ता छन् ।

हुन पनि सामुदायिक विद्यालयअन्तर्गत दर्ता भएका ती मदरसामा पढ्ने बालबालिकालाई अनुकूल वातावरण छैन । मदरसामा भौतिक साधनस्रोतको अभाव छ । हेर्दा भवन राम्रै छन् । तर, विद्यार्थीलाई बस्नका लागि बेञ्च छैनन् । उनीहरू चिसो भूइँमा बसेर पढ्नुपर्छ । धेरैजसो बालबालिकाले त नेपाली भाषा बुझ्दैनन् । धार्मिक शिक्षकले नै कामचलाउ सरकारी पाठ्यक्रम पढाउँदा उनीहरूलाई सिक्न गाह्रो भएको छ । पाठ्यपुस्तक र छात्रवृत्तिसमेतबाट उनीहरू बन्चित छन् ।

उदाहरण खोज्न टाढा जानुपर्दैन । सामुदायिक विद्यालयअन्तर्गत दर्ता भएको ज्यामिक फूलकानियामा हेरे हुन्छ । त्यहाँ कपिलवस्तु, रूपन्देही, तनहुँ, नवलपरासीलगायतका तीन सय विद्यार्थी पढ्छन् । विद्यार्थीको कुरा छोडौं, धेरैजसो शिक्षक पनि नेपाली

*जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले भने भौतिक व्यवस्थापनका लागि दर्ता भएका सबै मदरसामा साढे ८ हजारका दरले रकम दिइएको दाबी गरेको छ । कार्यालयका भनाइमा बैंकमा खाता नभएका पाँचबाहेक अन्य सबै मदरसाले उक्त रकम लगी पनि सकेका छन् ।*

भाषा बोल्न र लेख्न जान्दैनन्। स्नातक तहमा अध्ययनरत शहदा खातुन भन्छिन्, 'मदरसामा सरकारी पाठ्यक्रम लागू भए पनि कार्यान्वयन नहुँदा यस्तो भएको हो ।'

सरकारी सुविधा पाइन्छ कि भनेर थालिएका धेरै मदरसामा सरकारी पाठ्यक्रम छैन। हजारौं बालबालिकाको भविष्यमाथि खेलवाड गरिएको छ। यसमा सरकारले ध्यान दिन जरुरी छ।

डेभलपमेन्ट सेन्टरका प्राध्यापक अब्दुल हई मदानीले शिक्षा कार्यालयले मदरसा सुधार्ने र निरीक्षण गर्ने काम नगरेकाले यस्तो भएको बताए। 'मदरसामा शैक्षिक मात्र होइन व्यवस्थापकीय सुधार गर्ने नीति पनि बनाउनुपर्छ। नत्र नाम मात्र सामुदायिक विद्यालय हुन्छ। काम धार्मिक नै हुन्छ,' उनले भने।

जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले भने भौतिक व्यवस्थापनका लागि दर्ता भएका सबै मदरसामा साढे ८ हजारका दरले रकम दिइएको दाबी गरेको छ। कार्यालयका भनाइमा बैंकमा खाता नभएका पाँचबाहेक अन्य सबै मदरसाले उक्त रकम लगी पनि सकेका छन्। सबै मदरसामा सरकारी पाठ्यक्रम लागू गराउन करिब एक दर्जन छलफल र अन्तरक्रिया कार्यक्रम गरिएको छ। त्यसपछि लगभग सबै मदरसाले नेपाली पाठ्यक्रम समावेश गर्न थालेका छन्। के-कतिले सरकारी पाठ्यक्रम पढाएका छन् भन्नेबारे निरीक्षण भने भएको छैन। शिक्षक थपघटबारे भने केही काम नै भएको छैन।

निमित्त जिल्ला शिक्षा अधिकारी बुद्धिराज बस्यालले भने, 'आउँदो फागुनमा सबै मदरसाका विद्यार्थीको स्तर मापनका लागि परीक्षा लिने कार्यक्रम छ। त्यसपछि मात्र सरकारले मदरसामा पढ्ने विद्यार्थीलाई निर्धारित कक्षागत तह उत्तीर्ण गरेको मान्यता दिनेछ।'

'आत्तिएर मात्र हुँदैन प्रक्रिया पुऱ्याउनुपर्छ। प्रक्रिया पुऱ्याउँदा ढिलो हुन्छ। त्यसलाई सरकारले बेवास्ता गरेको भन्न मिल्दैन,' जिशिअ बस्यालले भने।

इस्लाम धर्मको मान्यताअनुसार मुस्लिम समुदायका सबै बालबालिकालाई धार्मिक शिक्षा अनिवार्य गरिएको छ। पाँच वर्ष पुगेपछि उनीहरू मदरसा भर्ना हुन्छन्। त्यहाँ मौलानामार्फत धार्मिक शिक्षा दिइन्छ। जुन धार्मिक अवधारणामा मात्रै आधारित छ। उनीहरू उर्दू भाषामा धार्मिक किताब र केही हिसाब पढ्छन्। नेपाली बोल्ने र पढ्ने दुवै गर्दैनन्। त्यसले गर्दा मुस्लिम समुदायका धेरै बालबालिका नेपाली बोल्न पनि जान्दैनन्।

उर्दू मात्र पढ्ने भएकाले मुस्लिमहरूको साक्षरता दर अत्यन्तै थोरै छ। नेपालको कुल साक्षरता दर ५३ दशमलव ७ प्रतिशत छ। त्यसमा मुस्लिम समुदायको साक्षरता दर ३४ दशमलव ७ प्रतिशत छ। मुस्लिम बाहुल्य मानिने कपिलवस्तुमा उनीहरूको साक्षरता दर कति छ, शिक्षा कार्यालयलाई पनि थाहा छैन। अनुमानका भरमा निमित्त जिल्ला शिक्षा अधिकारी बस्याल न्यून भएको बताउँछन्। यस्तो किन भयो त ? उनले भने, 'मुस्लिम समुदायमा भएको धार्मिक संस्कार र राज्यको अदूरदर्शिताले यस्तो भएको हो। राज्यले मदरसालाई सरकारी मान्यता दियो। अब बिस्तारै परिवर्तन हुनेछ।'

ज्यामिक फूलकानिया स्लामिक सामूहिक अध्ययन संस्था तौलिहवाकी विद्यार्थी शहदा खातुन मुस्लिम समुदायले छोराछोरीलाई मदरसामा मात्र पढाउनाले साक्षरता दर थोरै भएको बताउँछिन्। उनले भनिन्, 'मदरसालाई मूलधारमा ल्याउने घोषणाअनुसार सरकारी पाठ्यक्रम अनिवार्य कार्यान्वयन गराए समस्या हट्ने छ।'

सबै मदरसामा सरकारी पाठ्यक्रमअनुसारको पढाइ सुरु हुने थाहा पाएपछि मुस्लिम समुदायका बालबालिका अहिले खुसी भएका छन्। छोराछोरीले नेपाली पढे जागिर पाउलान् भन्ने सोचले अभिभावकमा उत्साह थपिएको छ। अभिभावक रहिमा खातुनले भनिन्, 'अब त हाम्रा छोराछोरी पनि ठूलठूला होलान्, जागिर खालान् भनेर खुसी लागेको छ।'

नेपाल सरकारले सन् २०१५ सम्ममा सबैका लागि शिक्षाको अन्तर्राष्ट्रिय प्रतिबद्धतामा हस्ताक्षर गरेको छ। सहश्राब्दी विकास लक्ष्यमा कुनै भाषी आधारभूत समस्याबाट शिक्षामा बन्चित नहुने उल्लेख छ। मुस्लिम जागरुक मञ्च कपिलवस्तुका अध्यक्ष करम हुसेन सहश्राब्दी विकास लक्ष्य र सबैका लागि शिक्षाको लक्ष्य पूरा गर्ने हो भने मदरसालाई साँच्चिकै सरकारी सुविधा दिएर मूलधारमा ल्याउनुपर्ने बताउँछन्।

त्यसका लागि मुस्लिम जागरुक मञ्च नेपालले २०६४ भदौ १६ गते शिक्षा तथा खेलकुदमन्त्री प्रदीप नेपाललाई ११ बुँदे मागसहितको ज्ञापनपत्र बुझाएको थियो। हुसेनले भने, 'त्यो के भयो आजसम्म थाहा छैन। मदरसालाई सरकारी मान्यता दिएर मात्रै पुग्दैन। राज्यले

अभिभावककै भूमिका निर्वाह गर्नुपर्छ । नत्र हामी अघि बढ्न सक्दैनौं ।'

■■■


# निर्माण पूरा नहुँदै भत्कियो राजमार्ग

*विकास निर्माणका काममा कतिसम्म लापरबाही र अनियमितता हुन्छ भन्ने गतिलो उदाहरण हो, बैतडीको दशरथचन्द राजमार्ग कालोपत्रे योजना । निर्माणकार्य नसकिँदै कालोपत्रे भत्कन थालेपछि गाडी गुडाउन गाह्रोमात्रै भएको छैन, यातायात सुविधा पाउने जनताको दसौं वर्षदेखिको सपना सपनामै सीमित बन्न पुगेको छ ।*

✍ **गीता विक**

**बैतडी**/ राजमार्ग भन्नासाथ सबैले राणाकालमा बनेको सिंहदरबारअगाडिको जस्तो चिल्लो बाटोको कल्पना गर्छन् जहाँ सवारीसाधन गुडिरहेका होइनन् चिप्लिरहेका हुन्छन् । तर, बैतडीको सहिद दशरथचन्द राजमार्गको विजोग हेर्ने हो भने त्यो कल्पना झुटो सावित हुनपुग्छ । किनभने, दुई वर्षअघिमात्रै बनेको राजमार्गको हालत यतिबिघ्न बिग्रेको छ कि त्यहाँ गाडी गुड्नै मुस्किल छ । डडेल्धुराको खस्रेखानदेखि बैतडीको सतबाँझ खण्डमा अब राजमार्ग होइन, कतै विकट ठाउँको गोरेटोजस्तो लाग्छ, किनभने त्यहाँ गाडी नै चलाउनसक्ने अवस्था छैन । निर्माणको दुई वर्ष नपुग्दै देखापरेको राजमार्गको यो विजोग झारा टार्ने गरी भइरहेको सरकारको विकास निर्माणको एउटा दृष्टान्त हुनसक्छ ।

राजमार्गको करिब ५४ किमि सडक खण्डमा दुई वर्षअघि कालोपत्रे थालिएको थियो । तर, कालोपत्रे गरेको दुई वर्षमै गाडी चलाउन नसक्ने अवस्था आइलागेको गाडीचालकहरू बताउँछन् । 'योभन्दा त पुरानैमा सजिलो थियो,' बसचालक चन्द्रप्रसाद जोशी कालोपत्रे नगर्दाका दिनमा बस चलाउन सजिलो रहेको बताउँदै भन्छन्, 'पिच गरेर राम्रो होला भनेको झन् बिग्रियो ।' कालोपत्रे भत्किँदा गिट्टी, बालुवा नभएर रातो माटो निस्कने गरेको छ । स्थानीय बासिन्दा हरि भट्ट भन्छन्, 'गिटी, बालुवा हाले पो बलियो हुन्छ, माटो हालेपछि केको बलियो हुनु ?' सडक कालोपत्रे गर्न सुरुआत गर्दा पाटन गाविसका स्थानीय बासिन्दाले कालोपत्रे स्तरीय नभएको भन्दै २०६२ भदौमा कामप्रति असहमति जनाएका थिए । निर्माणकार्य थालिएका बेला स्थानीय बासिन्दाले गरेको त्यही आशङ्का अहिले आएर सत्य सावित भएको छ । कालोपत्रे भत्केपछि सडकमा ठूल-ठूला खाडल परेका छन्, जहाँबाट गाडी नै चलाउन सकिँदैन ।

*कालोपत्रे मात्रै होइन सडकका दुवै किनारमा बनाएका नाली तथा पर्खालसमेत भत्किन थालेका छन् । कुनै-कुनै स्थानमा त सडक किनारको पर्खाल भत्किएर गाडी वारपार गर्ने ठाउँ नरहेको बसचालक चन्द्रप्रसाद जोशी गुनासो गर्छन् । कालोपत्रे भत्केको कुरा निर्माणको प्राविधिक पक्ष हेर्ने सडक डिभिजनलाई पनि थाहा छ । सडक डिभिजन कार्यालयका इन्जिनियर वैकुण्ठ सिलवाल भन्छन्, 'के भन्नुपर्‍यो र ।*

विश्व बैंकको रु.२१ करोड ३३ लाख ऋण सहयोगमा राजमार्ग कालोपत्रे गर्न सुरु गरिएको थियो । खस्रेखानदेखि छिनिमोडसम्मको २५ दशमलव पाँच किलोमिटर सडक कालोपत्रे गर्ने ठेक्का कालिका कन्स्ट्रक्सनले र छिनिमोडदेखि सतबाँझसम्मको २९ किलोमिटर तामाङ कन्स्ट्रक्सनले पाएका थिए । निर्माण कम्पनीहरूले लगानीअनुसार काम नगरेकाले बाटो बिग्रिएको बताउँदै पाटन उद्योग वाणिज्य सङ्घका अध्यक्ष जयसिंह विष्टले भने, 'काम राम्रो गर्ने होइन, जतिसक्यो चाँडो काम सिध्याउने गरी मात्र कालोपत्रे गरियो, ग्राभेल गर्न ढुङ्गाको प्रयोग नगरी माटो मात्रै

*कच्ची हुँदा वर्षायाममा बाटो बिग्रेर दुई महिनाजति सडक अवरुद्ध हुन्थ्यो । २२ वर्षपछि भए पनि यो समस्याबाट मुक्ति पाइने आशामा रहेका स्थानीयवासी कालोपत्रे निर्माण नसकिँदै भत्किन थालेपछि झन् चिन्तित बनेका छन् । समाजसेवी हरिजित सावद भन्छन्, 'रिपोर्टमा कालोपत्रे भइसक्यो भन्ने देखिन्छ, दोस्रोपटक कालोपत्रे बनाउन बजेट आउने कुरा भएन । हाम्रा दुःख सधैं उस्तै हुने भए ।'*

राख्ने काम भयो । सडक किनारका पर्खाल तथा नाली बनाउन सिमेन्टको अनुपातमा बढी बालुवा हालेर काम गरिएको छ । गुणस्तरहीन सामानको प्रयोग गर्दा यस्तै हुन्छ ।' जानाजान ठग्ने काम भइरहँदा पनि स्थानीय प्रशासनले समेत वास्ता नगरेपछि राजमार्गमा गरिएको यो लगानी बालुवामा पानीसरह भएको उनले बताए ।

एमालेका नेता दामोदर भण्डारी निर्माण कम्पनीले सोझै ठगेको बताउँदै भन्छन्, 'यसमा सार्वजनिक सम्पत्तिको दुरुपयोग भएको छ ।' तोकेको मापदण्डअनुसार निर्माण कम्पनीले निर्माण सामग्री प्रयोग नगर्दा कालोपत्रे भत्किन थालेको हो ।

कालोपत्रे मात्रै होइन सडकका दुवै किनारमा बनाएका नाली तथा पर्खालसमेत भत्किन थालेका छन् । कुनै-कुनै स्थानमा त सडक किनारको पर्खाल भत्किएर गाडी वारपार गर्ने ठाउँ नरहेको बसचालक चन्द्रप्रसाद जोशी गुनासो गर्छन् । कालोपत्रे भत्केको कुरा निर्माणको प्राविधिक पक्ष हेर्ने सडक डिभिजनलाई पनि थाहा छ । सडक डिभिजन कार्यालयका इन्जिनियर वैकुण्ठ सिलवाल भन्छन्, 'के भन्नुपर्‍यो र । हेर्दै थाहा हुन्छ भत्किएको ।' तर, थाहा हुँदाहुँदै पनि डिभिजनले केही गरेको छैन । निर्माण कम्पनीले कालोपत्रे गरिसकेको भए पनि हस्तान्तरण भने गरेको छैन । इन्जिनियर सिलवाल हस्तान्तरण नभएसम्म मर्मतसम्भारको जिम्मेवारी निर्माण कम्पनीकै भएकाले कम्पनीले नै मर्मत गर्नुपर्ने बताउँछन् ।

निर्माण कम्पनीले कालोपत्रे भत्किन थालेको स्वीकार्दै बटासिल प्रविधिको भएकाले धेरै टिकाउपूर्ण नभएको जनाएको छ । बटासिल प्रविधिको यो सडक खण्ड कालोपत्रे गर्न प्रतिकिलोमिटर ४० लाखका दरले खर्च गरिएको इन्जिनियर सिलवालले बताए । निर्माण भइनसक्दै कालोपत्रे भत्किन थालेपछि स्थानीय अगुवा र सर्वसाधारणले गुणस्तरहीन काम गर्ने निर्माण कम्पनीलाई कारबाहीको माग गर्दै तत्कालीन प्रमुख जिल्ला अधिकारी चूडामणि बस्यालसमक्ष उजुरी पनि गरेका थिए । बस्यालले उक्त उजुरी सम्बन्धित मन्त्रालय र विभागसमक्ष पठाइसकेको बताएका थिए । तर, त्यसबारे कुनै कारबाही भए-नभएको अहिलेसम्म थाहा छैन ।

बस्यालको सरुवापछि आएका बैतडीका प्रमुख जिल्ला अधिकारी हरिविष्णु खतिवडाले बाटोका बारेमा प्रशस्त छलफल भएको तर प्रोजेक्टले सरकारलाई बुझाइनसकेकोले अगाड नै केही गर्न नसकिने बताए । 'नयाँ बाटो भन्न पनि नमिल्नेजस्तो छ, अहिले बीचबीचमा टालटुल भइरहेको छ, प्रोजेक्टले बुझाउँदा गुणस्तर राम्ररी जाँचेर मात्र बुझ्न सडक डिभिजनलाई भनेको छु,' प्रजिअ खतिवडाले भने । निर्माण कम्पनीले पुस मसान्तभित्र निर्माणकार्य पूरा गरी हस्तान्तरण गर्नुपर्नेमा निर्माण नसकिँदै भत्कन थालेपछि टालटुल गर्न थालेको छ ।

२०४२ सालमा निर्माण भएको डडेल्धुराबाट बैतडी सदरमुकामसम्मको ९८ किलोमिटर राजमार्ग पहिलेजस्तै पूरै धूलैधूलो छ । कच्ची हुँदा वर्षायाममा बाटो बिग्रेर दुई महिनाजति सडक अवरुद्ध हुन्थ्यो । २२ वर्षपछि भए पनि यो समस्याबाट मुक्ति पाइने आशामा रहेका स्थानीयवासी कालोपत्रे निर्माण नसकिँदै भत्किन थालेपछि झन् चिन्तित बनेका छन् । समाजसेवी हरिजित सावद भन्छन्, 'रिपोर्टमा कालोपत्रे भइसक्यो भन्ने देखिन्छ, दोस्रोपटक कालोपत्रे बनाउन बजेट आउने कुरा भएन । हाम्रा दुःख सधैं उस्तै हुने भए ।'

दशरथ चन्द राजमार्गअन्तर्गतको यो सडकखण्ड भएरै दैनिक डेढ सयभन्दा बढी सवारी साधन गुड्ने गरेका छन् । यही बाटो भएर तराईका कैलाली, कञ्चनपुरदेखि देशको राजधानी काठमाडौंसम्म बस तथा मालबाहक ट्रकहरू गुड्छन् । देशका विभिन्न भागबाट बैतडी, दार्चुला, बझाङका लागि सवारी साधन गुड्ने एक मात्र राजमार्ग पनि यही हो । बाजुरा, बझाङ, दार्चुला र बैतडीका बासिन्दालाई तराई तथा देशका अन्य भागसँग जोड्ने र ओहोरदोहोर गर्ने मार्ग पनि यही हो । कच्ची मार्ग भएकै कारण तराईबाट ढुवानी हुने खाद्य सामग्रीमा महँगो भाडा तिर्नुपर्ने बताउँछन् बैतडीको पाटन उद्योग वाणिज्य सङ्घका अध्यक्ष जयसिह विष्ट । २० किलोमिटर मात्र टाढाको छिमेकी जिल्ला डडेल्धुराको बागबजारमा पाइने खाद्य तथा अन्य सामानको मूल्य बैतडीमा दोब्बरको हाराहारीमा हुनु त्यसकै उदाहरण हो । यातायातकै असुविधाका कारण खोड्पेमा महँगो सामान खरिद गर्नुपरेको स्थानीय व्यापारी विमल चन्द बताउँछन् । अर्कातिर सजिलै गाडी गुड्ने स्थानमा समेत कालोपत्रे गर्दा बनाएका सडक किनाराका पर्खाल भत्किँदा सडक झन साँघुरो बनेको छ । ठाउँठाउँमा भएका घुम्तीका कारण बारम्बार

दुर्घटनाको खतरा रहने यो सडक कालोपत्रे भत्किँदा बनेको साँघुरो र अप्ठ्यारोका कारण दुर्घटनाको खतरा उत्तिकै छ । तर सरकार र सरोकारवाला निकायहरू भने 'काम समयमै सकेकोमा गर्व' गर्दै बसेका छन्, जनताको पीरमर्काप्रति उनीहरूको कुनै मतलब देखिँदैन ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# राजनीतिक संरक्षणमा नासिँदैछ वन

*देशकै ठूलो वन क्षेत्रमा गनिएको कैलालीको जङ्गल अतिक्रमणको चपेटामा परेको छ । अतिक्रमणसँगै वन फँडानी पनि उत्तिकै बढेको छ । वन मास्नेहरूले मूलधारकै राजनीतिक दल तथा सरकारी निकायबाट संरक्षण पाएका छन् । जङ्गल नै सखाप हुने अवस्था आइसक्दा पनि वन फँडानी र अतिक्रमण रोक्ने पहलचाहिँ कतैबाट भएको छैन ।*

**लोग्सरी कुँवर**

**धनगढी**/ 'हरियो वन नेपालको धन' भन्ने साझा उक्ति अब अनौठो लाग्छ । किनभने, नेपालका हराभरा वनजङ्गल उजाड बन्दै गएका छन् । त्यसैको उदाहरण हो, फितलो सुरक्षाका कारण दिनदिनै नासिँदै गएको कैलालीको वनक्षेत्र । २०५२ सालदेखि सुरु भएको जिल्लाको वन फँडानी जङ्गल नै नष्ट हुने हदसम्म आइपुग्दा पनि त्यसको संरक्षणमा न सरकार लागेको छ न स्थानीय सहभागिता नै छ । २०५८ सालमा माओवादी आक्रमणमा कार्यालय ध्वस्त भएपछि सुस्ताएको वन संरक्षण गर्ने निकाय जिल्ला वन कार्यालय पनि आफ्नो दायित्वबाट पूरै टाढा छ ।

जिल्ला वन कार्यालयका अनुसार २०५२ पछि कैलालीमा सुकुम्बासी र मुक्त कमैयाका नाममा सात सय ७५ हेक्टर वन अतिक्रमण भएको छ । आफूलाई कमैया, सुकुम्बासी बताए पनि गैरकमैया र गैरसुकुम्बासीका नाममा अतिक्रमण गरिएको वनक्षेत्र करिब २० हजार हेक्टर छ । यस्ता गैरकमैया र गैरसुकुम्बासीहरू अझै कैलालीको भजनी, बलचौर, तल्लापानी, चौमाला, राष्ट्रिय वन र घोडाघोडी क्षेत्रमा छाप्रा हालेर बसिरहेका छन् । वनको तथ्याङ्कअनुसार १५ सय हेक्टर जङ्गल यसै वर्ष (२०६३/०६४ मा) अतिक्रमण भएको हो । अतिक्रमणपछि काठ कटानी गरी तस्करी गर्दा करिब १५ हजार हेक्टर क्षेत्रको जङ्गल नासिने अवस्थामा छ । यसअघि कैलाली जिल्ला नेपालकै सबैभन्दा बढी दुई लाख १६ हजार हेक्टर वनक्षेत्र भएको जिल्ला थियो ।

अतिक्रमणकारीले वन सिध्याउन लागेपछि २०६४ मङ्सिरयता जिल्ला वन कार्यालयले मालाखेती गाविसको ६ सय, सुगरखाल गाविसको २ सय,

*कैलालीमा विश्व सिमसार क्षेत्रमा घोषित घोडाघोडी ताल, बसन्ता जैविक मार्ग, चुरेक्षेत्रको घना जङ्गल छन् । कैलालीको वन नासिँदै गएकोमा चिन्तित तराई भूपरिधि कार्यक्रम धनगढीका दिपेश जोशी कैलाली जिल्लामा डरलाग्दो रूपले भइरहेको वन अतिक्रमणले भविष्यमा निम्त्याउने ठूलो खतराप्रति कसैको ध्यान पुग्न नसकेको बताउँछन् ।*

दोधारामा ३ सय गरी एक हजार दुई सय ५० हेक्टर जमिन अतिक्रमण गरेर बसेका गैरसुकुम्बासीका एक हजार तीन सय घर छाप्रा हटाएको छ । यी क्षेत्रमा देशका १२ जिल्लाबाट आएका सुकुम्बासी तथा गैरसुकुम्बासीले जमिन कब्जा गरिरहेका थिए ।

कैलालीको वनमा प्रतिहेक्टर २५ लाखबराबरको वन पैदावर छ । जिल्ला वन कार्यालयका प्रमुख मनबहादुर खड्काका अनुसार अतिक्रमणमा परेको जङ्गलको मात्र हिसाब गर्ने हो भने करोडौं मूल्यबराबरको नास भएको छ । सरकारी नियन्त्रणमा रहेको राष्ट्रिय वन मात्र होइन सामुदायिक वन पनि अतिक्रमणको चपेटामा परेको छ । सामुदायिक वन उपभोक्ता महासङ्घ कैलालीका अध्यक्ष सन्तबहादुर

*जिल्ला वन कार्यालयका अनुसार २०५२ पछि कैलालीमा सुकुम्बासी र मुक्त कमैयाका नाममा सात सय ७५ हेक्टर वन अतिक्रमण भएको छ । आफूलाई कमैया, सुकुम्बासी बताए पनि गैरकमैया र गैरसुकुम्बासीका नाममा अतिक्रमण गरिएको वनक्षेत्र करिब १० हजार हेक्टर छ । यस्ता गैरकमैया र गैरसुकुम्बासीहरू अझै कैलालीको भजनी, बलचौर, तल्लापानी, चौमाला, राष्ट्रिय वन र घोडाघोडी क्षेत्रमा छाप्रा हालेर बसिरहेका छन् ।*

कार्की भन्छन्, 'वन माफिया र दलका केही स्थानीय नेतृत्वले भोट बैंकको रूपमा सुकुम्बासीलाई प्रयोग गर्न जग्गा दिने आश्वासन बाँड्दै सामुदायिक तथा राष्ट्रिय वन फँडानी गराइरहेका छन्, यो चिन्ताजनक कुरा हो ।'

तर, सुकुम्बासी उत्थान समाज कैलालीका अध्यक्ष चन्द्र साउद सुकुम्बासी जङ्गलको खाली जमिन भएका ठाउँमा मात्रै बसेको दाबी गर्छन् । 'सुकुम्बासीका नाममा केही सामन्तहरूले गैरसुकुम्बासीलाई वन अतिक्रमणमा प्रयोग गरेर गैरसरकारी संस्थालाई आरोप लगाइरहेका छन्,' उनी भन्छन् । कैलाली र कञ्चनपुरमा करिब ६० हजारको सङ्ख्यामा रहेका सुकुम्बासीमध्ये कैलालीमा ३५ हजार अव्यवस्थित रूपमा बसिरहेका छन् । सेती-महाकाली सुकुम्वासी उत्थान समाजका अध्यक्ष गोरख नेपाली राज्यले तत्काल सुकुम्बासी आयोग गठन गरी वास्तविक सुकुम्बासीलाई जग्गाधनी पुर्जा र स्थायी नोकरीको व्यवस्था नगरेसम्म वन अतिक्रमणको समस्या नसुल्झिने बताउँछन् । उनी भन्छन्, 'होइन भने चाहेर पनि अतिक्रमण रोकिँदैन ।'

मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरी मुक्त कमैयाका नाममा भूमाफियाले वन नासिरहेको बताउँछन् । 'तर, मुक्त कमैया सरकारले जग्गा देओस् भनेर दबाब दिन मात्र जङ्गल किनारमा बसका हुन्,' उनी भन्छन्, 'हामी त दबाब मात्र दिँदैछौं, वन मास्नेहरू कमैया होइनन्, बरु उनीहरूले संरक्षण गरेका छन् ।' तथ्याङ्कअनुसार जिल्लाका ४८ स्थानमा मुक्त कमैयाहरू जङ्गल र छेउछाउमा शिविर बनाई बसेका छन् । २००६ सालतिर भारतीय ठेकेदार रतन सिंह र दान सिंह भन्ने व्यक्तिले साल, खयर र सिसौका गोलिया कैलालीको जङ्गलबाट भारत लगेका थिए । सुगरखाल गाविसका पूर्वअध्यक्ष नवलसिंह रावल भन्छन्, 'अहिलेको राजनीतिक अवस्थाको फाइदा उठाएर वन अतिक्रमण बढेको छ ।' राजनीतिक संरक्षणमा कैलालीको वन क्षेत्र नासिँदै गएको कुरा सबै दलका नेताहरू स्वीकार्छन्, तर कसको संरक्षणमा नासियो भन्ने कुरा खरो रूपमा उठाउन चाहँदैनन् । बरु सबैको सहयोगले अतिक्रमण रोक्नुपर्छ भन्ने बनिबनाउ सल्लाह मात्रै दिन्छन् ।

नेपाली काङ्ग्रेस कैलालीका नेता गोविन्दराज जोशी सङ्क्रमणकालीन राजनीतिक अवस्थामा राज्यका सबै संयन्त्रहरू कमजोर रहेको मौका छोपी वन फँडानी भइरहेको स्वीकार्दै राजनीतिक दलसँग नजिक भएका केही गलत व्यक्तिहरूले त्यसको फाइदा लिइरहेको बताउँछन् । उनी भन्छन्, 'राजनीतिको आडमा प्राकृतिक सम्पदालाई नास्न खोज्ने जोसुकै भए पनि सामाजिक वहिष्कार गर्नुपर्छ । सबै राजनीतिक दल, सङ्घसंस्था र जनता मिलेर वन जोगाउने अभियान चाल्नुपर्छ ।' एमाले कैलालीका सचिव दीपकप्रसाद देवकोटा संविधानसभाको निर्वाचनसम्म काठ निकासी रोक्का गरिदिए तत्काललाई अतिक्रमण रोकिन्छ भन्छन् । माओवादीका कैलाली इन्चार्ज मुक्ति वास्तविक मुक्त कमैया र सुकुम्बासीलाई पहिचान गरेर स्थायी जग्गा उपलब्ध गराए प्राकृतिक सम्पदामाथिको अतिक्रमण हट्ने दाबी गर्छन् । तर, वन अतिक्रमण गर्नेमध्ये अधिकांश माओवादी, काङ्ग्रेस, एमालेलगायत दलकै नजिकका मानिस रहेको प्रस्ट छ । वन फँडानी गर्नेहरूले पनि दलबाटै संरक्षण पाएका छन् ।

कैलालीमा विश्व सिमसार क्षेत्रमा घोषित घोडाघोडी ताल, बसन्ता जैविक मार्ग, चुरेक्षेत्रको घना जङ्गल छन् । कैलालीको वन नासिँदै गएकोमा चिन्तित तराई भूपरिधि कार्यक्रम धनगढीका दिपेश जोशी कैलाली जिल्लामा डरलाग्दो रूपले भइरहेको वन अतिक्रमणले भविष्यमा निम्त्याउने ठूलो खतराप्रति कसैको ध्यान पुग्न नसकेको बताउँछन् । उनी भन्छन्, 'अन्तर्राष्ट्रिय जैविक मार्गको रूपमा रहेको कैलालीमा भारतको दुधवा नेसनलपार्कबाट बसन्ता क्षेत्र, घोडाघोडी सिमसार क्षेत्र हुँदै चुरे क्षेत्रबाट उत्तरी चीनसम्म वन्यजन्तुहरू ओहोर-दोहोर गर्छन् । यति महत्वको मार्ग भएकाले यसको संरक्षणका लागि वन अतिक्रमण रोक्नु जरुरी छ ।' कैलालीको वन अतिक्रमणबारे संसद्मा कुरा उठ्यो, संसदीय र वन मन्त्रालयको टोली आएर अध्ययन गरी फर्क्यो तर, वन अतिक्रमण र फँडानी रोकिएन ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# परिवार नियोजन पनि महिलाकै ‘ठेक्का’

*परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्नेदेखि स्थायी बन्ध्याकरण गर्नेसम्मका काममा पुरुषको तुलनामा महिलाको सङ्ख्या अत्यधिक छ। पुरुषलाई भन्दा गाह्रो र जोखिमपूर्ण भए पनि परिवारको खुसीका लागि उनीहरू जोखिममा हात हाल्न बाध्य छन्। तर, परिवार नियोजनका अस्थायी तथा स्थायी दुवै उपाय अपनाउन नचाहने पुरुषहरू आफ्नै जीवनसंगिनीको स्वास्थ्यप्रति भने सचेत देखिँदैनन्।*

✍ **दुर्गा देवकोटा**

टीकापुर/ कैलाली थापापुरनिवासी बुधनी चौधरीले दुई छोरा जन्मेपछि लोग्नेलाई स्थायी बन्ध्याकरण गर्न आग्रह गरिन्। तर, लोग्नेले उनले भनेको मानेनन्, केही उपाय नलागेपछि बाध्य भएर उनी आफैंले स्थायी बन्ध्याकरण गर्नुपर्‍यो।

टीकापुरकी विभु शाह रेग्मीले जन्मान्तरका लागि पिल्स खान सुरु गरिन्। तर, चक्की खान थालेपछि उल्टो नतिजा आयो, उनको दूध नै रोकियो। त्यसपछि फेरि पिल्स खाने कुरा थिएन। दुई छोरी र एक छोराकी आमा विभु शाह पिल्सले असर गरेपछि परिवार नियोजनसम्बन्धी सेवा दिने मेरी स्टोप सेन्टर पुगिन्। र, तीनमहिने संगिनी सुई लगाइन्। तर, सुई लगाएपछि त झन् महिनावारी नै रोकियो। टाउको दुख्ने, गह्रौं काम गर्दा पेट दुख्नेलगायतका समस्या आइलागे। यस्तो हुँदा पनि उनले सुई लगाउन छोडेकी छैनन्। लोग्नेले अस्थायी साधन प्रयोग गर्न नमानेपछि योभन्दा अर्को उपाय पनि छैन। कृषि पेसा गरेर बसेका उनका लोग्ने हर्क रेग्मी भन्छन्, ‘अहिले उनैले प्रयोग गरिरहेकी छिन्, समस्या घटेन भने आफैं साधन प्रयोग गर्छु होला।’ तर, विभु शाह लोग्नेले नै आफूलाई साधन प्रयोग गर्न लगाएको दुःखेसो गर्छिन्।

टीकापुरकी प्रतिभा कार्कीको जन्मान्तरका लागि लगाएको डिपो प्रोभेरा सुईले आठ महिनासम्म महिनावारी रोकियो। जीउ फुलेर सुन्निएजस्तो भयो। तर, पनि उनले सुई लगाउन छोडेकी थिइनन्, उनका लोग्नेले पनि साधन प्रयोग गर्न मान्दैनथे, जन्मान्तर रोक्न योभन्दा अर्को उपाय थिएन। पछि डाक्टरको सल्लाहअनुसार उनले डिपो नै लगाउन छोडिन्, अनि मात्र उनका लोग्ने अस्थायी साधन प्रयोग गर्न राजी भए।

विभु शाह र प्रतिभाजस्तै परिवार नियोजनको अस्थायी साधन पिल्स खान सुरु गरेपछि टीकापुरकी रीता चौधरीको रक्तश्राव भयो। केही महिना त बिस्तारै राम्रो हुन्छ भन्ने स्वास्थ्यकर्मीको सल्लाहअनुसार उनले पिल्स खाइरहिन्। तर, शरीरले नधानेपछि पिल्स खान छोडिन्। उनको पनि समस्या उही थियो, पुरुषले अस्थायी साधन प्रयोग नगरेपछि उनले नै सुरु गर्नुपरेको थियो। पुरुषहरूले परिवार नियोजनका अस्थायी साधनको प्रयोग नगर्दा र स्थायी बन्ध्याकरण नगर्दा बाध्य महिला साधनको प्रयोगबाट हुने असरले हदैसम्म पीडित छन्। कतिपयको त स्वास्थ्य नै बिग्रेको पनि छ।

*‘स्थायी बन्ध्याकरण गरे कमजोर हुने र पूजाआजा चल्दैन भन्ने गलत मान्यताले पुरुषहरू स्थायी बन्ध्याकरण नगरी महिलालाई गर्न लगाउँछन्।’ महिलाले प्रयोग गर्ने अस्थायी साधनले विभिन्न असर देखिने गरेको बताउँदै उनी भन्छिन्, ‘तर, विकल्पको रूपमा प्रयोग नगरी नहुने अवस्था छ।’*

जिल्ला जनस्वास्थ्य कार्यालय कैलालीको तथ्याङ्कले नै त्यसको पुष्टि गर्छ। कार्यालयका अनुसार, स्थायी बन्ध्याकरण सेवा लिनेमा महिलाको सङ्ख्या ९० प्रतिशत बढी र पुरुषको सङ्ख्या १० प्रतिशतको हाराहारी मात्र छ। गएको मङ्सिर महिनाभरि कैलालीका सुगरखाल, दोदोधरा, बलिया, जोशीपुर, दरख र मसुरिया स्वास्थ्य केन्द्रमा सञ्चालन भएको परिवार नियोजन क्याम्पमा स्थायी परिवार नियोजन गराउन आएका ६ सय २४ मध्ये ४८ पुरुषबाहेक बाँकी सबै महिला थिए। २०६२ सालमा तीन हजार चार सय ९६ मध्ये तीन हजार एक सय ११ महिलाले मिनिल्याप र तीन सय ८५ पुरुषले मात्र भ्यासेक्टोमी गरे। २०६१ मा दुई हजार सात सय महिला र तीन सय पुरुषले स्थायी बन्ध्याकरण गरे। तराईमा स्थायी बन्ध्याकरण गर्ने पुरुषको सङ्ख्या तीन प्रतिशत ननाघेको तथ्याङ्कले देखाएको छ। तथ्याङ्कअनुसार २०६३ मा कैलालीमा

*गर्भवती, पाठेघर खस्ने समस्या भएका र पहिले सघन शल्यक्रिया गरेका महिलाले मिनिल्याप गर्न मिल्दैन । मिनिल्याप गरेपछि महिला हिँडेर घर जान नसक्ने र बोकेर लैजानुपर्ने हुनाले पहाडी क्षेत्रका केही पुरुष भ्यासेक्टोमी गर्न तयार हुने तर तराईमा यातायात सुविधा भएकाले स्थायी बन्ध्याकरण महिलाकै ठेक्काजस्तो भएको अनुभव स्वयम् स्वास्थ्यकर्मी नै सुनाउँछन् ।*

स्थायी नियोजन गर्ने महिलाको सङ्ख्या ९१ प्रतिशत र पुरुषको नौ प्रतिशत मात्रै छ ।

अस्थायी साधन प्रयोग गर्नेमा पनि अधिकांश महिला नै छन् । टीकापुर अस्पतालले मङ्सिरमा वितरण गरेको परिवार नियोजनका साधनको सङ्ख्या हेर्दा पिल्स प्रयोग गर्ने महिला आठ सय ९१ जना, डिपो सुई लगाउने नौ सय ३५, नरप्लान्ट राखेका तीन सय २९ छन् भने कण्डम प्रयोग गर्ने पुरुषको सङ्ख्या चार सय ७३ मात्रै छ ।

परिवार नियोजनका अधिकांश साधन महिलालक्षित छन् । पुरुषलक्षित साधन भए पनि त्यसको प्रयोग न्यून छ । बच्चा जन्माउनेदेखि लिएर परिवार नियोजनका साधनको प्रयोग गर्ने भार पनि महिलालाई दिइँदा स्वास्थ्य कमजोर भएका महिलालाई स्वास्थ्य समस्या थपिने गरेको स्वास्थ्यकर्मी बताउँछन् । 'डिपो लगाएका महिलालाई केही महिना रक्तश्राव हुनु र पिल्सले जीउ सुनिनु, महिनावारी गडबडी हुनु सामान्य मानिन्छ । तर, महिलाको स्वास्थ्य क्षमताले भ्याएन भने विकल्प खोज्ने गरिन्छ,' सेती अञ्चल अस्पताल धनगढीका डा. बी.एस. बोहरा भन्छन्, 'पुरुष प्रभुत्व भएको समाज भएकाले कुनै समस्या नहुँदा पनि पुरुषले अस्थायी साधनको प्रयोग र स्थायी बन्ध्याकरण कमै गर्छन् ।'

पुरुष परिवार नियोजनबारे सचेत नभए पनि महिला आफैं त्यसबारे सचेत हुनुचाहिँ सकारात्मक हो । महिला स्वास्थ्य स्वयम्सेविकाहरू यसलाई गाउँमा गठन भएका आमा समूहले ल्याएको परिवर्तन ठान्छन् । 'परिवार नियोजन शिक्षाको प्रभावले महिला परिवार नियोजनबारे सचेत भएका हुन्,' टीकापुर नगरपालिकामा कार्यरत स्वयम्सेविका चन्द्रवती शर्मा भन्छिन्, 'स्थायी बन्ध्याकरण गरे कमजोर हुने र पूजाआजा चल्दैन भन्ने गलत मान्यताले पुरुषहरू स्थायी बन्ध्याकरण नगरी महिलालाई गर्न लगाउँछन् ।' महिलाले प्रयोग गर्ने अस्थायी साधनले विभिन्न असर देखिने गरेको बताउँदै उनी भन्छिन्, 'तर, विकल्पको रूपमा प्रयोग नगरी नहुने अवस्था छ ।'

'पुरुषले गर्ने स्थायी बन्ध्याकरण भ्यासेक्टोमीभन्दा महिलाले गर्ने मिनिल्याप धेरै गाह्रो र जोखिमपूर्ण छ । तर, पुरुषहरू महिलालाई नै अगाडि सार्छन्,' मेरी स्टोप सेन्टर अत्तरियाका संयोजक लालमणि जोशी भन्छन्, 'परिवार नियोजन क्याम्पमा मिनिल्याप गर्न नमिल्ने महिला घर फर्कन्छन् तर पुरुषलाई स्थायी बन्ध्याकरण गराउँदैनन् ।' पुरुषहरूको शुक्रवाहिनी नली आवश्यकता परे फेरि जोडेर सन्तान जन्माउन सकिन्छ । तर, महिलाले मिनिल्याप गरिसकेपछि सन्तान जन्माउनै सक्तैनन् । एक छोरा एक छोरी भएपछि २०२५ सालमा भ्यासेक्टोमी गरेका टीकापुरकै यज्ञमूर्ति अर्याल छोरा खसेपछि आफूले २०३२ सालमा पुनः तीन छोरी एक छोरा जन्माउन सफल भएको बताउँछन् ।

गर्भवती, पाठेघर खस्ने समस्या भएका र पहिले सघन शल्यक्रिया गरेका महिलाले मिनिल्याप गर्न मिल्दैन । मिनिल्याप गरेपछि महिला हिँडेर घर जान नसक्ने र बोकेर लैजानुपर्ने हुनाले पहाडी क्षेत्रका केही पुरुष भ्यासेक्टोमी गर्न तयार हुने तर तराईमा यातायात सुविधा भएकाले स्थायी बन्ध्याकरण महिलाकै ठेक्काजस्तो भएको अनुभव स्वयम् स्वास्थ्यकर्मी नै सुनाउँछन् ।

महिलाले मिनिल्याप गर्दा अप्रेसन नै गर्नुपर्छ तर पनि महिलाले यो सेवा बढी लिएका छन् । आफू सानो झन्झट नखेप्ने तर महिलालाई जटिलता पनि व्यहोर्न लगाउने पुरुषहरूको प्रवृत्ति छ । 'पुरुषले महिलामाथि गरिरहेको परम्परागत दमनको शृङ्खला हो यो । पुरुषले वास्ता नगरेपछि महिलाले परिवार नियोजन गर्नु बाध्यता छ,' स्टाफ नर्स सीता पोखेल भन्छिन् ।

विभिन्न खतरा र जोखिम हुँदाहुँदै पनि महिला परिवार नियोजनबारे पुरुषभन्दा कैयौं गुणा बढी सचेत रहेको दृष्टान्त हो यो । भलै, साधनको प्रयोग र कमजोर शरीर हुँदाहुँदै स्थायी बन्ध्याकरण गर्दा शरीरमा प्रतिकूल असर परेको नै किन नहोस्, परिवारको खुसीका लागि महिला सजिलै त्यो जोखिम मोल्न तयार देखिन्छन् । तर, आफूलाई घर, परिवार, समाजमा अगुवा ठान्ने पुरुषले यसबारे सोच्ने कहिले ?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# आधुनिक विकासको अर्को पाटो

*आधुनिक विकासको फाइदासँगै नकारात्मक पाटो पनि हुने गर्छ । जुत्ता बनाउने र त्यसैलाई बेचेर हुने आम्दानीले जीवन गुजारा गर्दै आएको एउटा जाति सार्की अहिले त्यसैको मारमा परेको छ । फेसनेबल र रेडिमेड जुत्ताले ह्वात्तै बजार लिएपछि सार्की जातिको रोजीरोटी मात्रै होइन, पुर्ख्यौली पेसा नै सङ्कटमा परेको छ ।*

**✍ यामु कुँडेल**

सुर्खेत/ सेतबहादुर बयलकोटीलाई खाने-लाउने समस्या थिएन, पुर्खाले सिकाइदिएको कामले वर्षभरि मज्जाले गुजारा चल्थ्यो, अरूका अगाडि हात फैलाउनुपर्ने बाध्यता थिएन । सुर्खेतका जुत्ताको 'चर्चा' देशभर भएझैं उनको पेसा पनि मालामाल थियो । तर, अहिले पूरै उल्टो भएको छ, पुर्ख्यौली पेसा सङ्कटमा पर्दै जाँदा उनको गुजाराको बाटो मात्रै बन्द भएको छैन, पेसालाई निरन्तरता दिनै गाह्रो भइसक्यो । पुर्ख्यौली पेसा नै लोप हुने अवस्था आएपछि ४८ वर्षीय बयलकोटी ऋण-सापट गरेर भए पनि पेसालाई मात्र निरन्तरता दिन मरिमेट्दैछन् ।

जीविकोपार्जन गर्ने पुर्ख्यौली पेसा भनेकै छालाका जुत्ता बनाउनु हो, उनी एकै दिनमा एकजोर जुत्ता तयार पार्छन् । तर, बनाएको जुत्ता अब बिक्री हुनै छाडेपछि गुजारासँगसँगै पेसा नै सङ्कटमा परेको छ । 'बनाएर मात्रै के गर्नु, महिनाभरिमा दुई जोर जुत्ता बिक्दैन,' पुर्पुरोमा हात राख्दै उनी भन्छन्, 'यस्तै हो भने अब भीख मागेर बाँच्नुपर्ने हुन्छ ।' वीरेन्द्रनगरमा सानो झुपडीको भाडामा लिएको कोठामा उनले १४ वर्षदेखि जुत्ता-चप्पल बनाउने र मर्मत गर्ने काम गर्दै आएका छन् । बाबुलाई सघाउँदै काम सिकेका उनलाई सुरुसुरुमा त राम्रै भयो, एकै दिनमा २-३ जोर जुत्ता-चप्पल बिक्थ्यो, माग भएअनुसार बनाउने फुर्सद हुँदैनथ्यो उनलाई । अब त्यस्तो छैन, बनाएका जुत्तासमेत बिक्दैनन् । 'काम गरौं फुट्टी आम्दानी छैन, छोडौं पुर्खाको चिनो पनि हराउने भो,' उनी भन्छन्, 'अब कसरी बाँच्ने ?'

देशमै प्रसिद्धि कमाएको सुर्खेती जुत्ता र जुत्ता बनाउनेहरूको यो विजोग बजारमा उच्च प्रविधिबाट निर्मित रेडिमेड जुत्ताको चाप बढेपछि सुरु भएको हो । सेतबहादुर भन्छन्, 'रेडिमेड जुत्ताले सार्कीहरूको रोजीरोटी खोसिदियो ।' औद्योगिक विकासको एउटा नकारात्मक पाटो हो यो, नयाँ प्रविधि र डिजाइनमा बनेका जुत्ताले ह्वात्तै बजार लिएपछि जुत्तामै आश्रित सार्कीहरूको रोजीरोटी सङ्कटमा परेको छ । सेतबहादुर भन्छन्, 'फेसनअनुसारको जुत्ता बनाउन लगानी गर्ने पैसा र साधन छैन, हामी त बर्बादै भयौं ।' फेसनेबल

*देशमै प्रसिद्धि कमाएको सुर्खेती जुत्ता र जुत्ता बनाउनेहरूको यो विजोग बजारमा उच्च प्रविधिबाट निर्मित रेडिमेड जुत्ताको चाप बढेपछि सुरु भएको हो । सेतबहादुर भन्छन्, 'रेडिमेड जुत्ताले सार्कीहरूको रोजीरोटी खोसिदियो ।' औद्योगिक विकासको एउटा नकारात्मक पाटो हो यो, नयाँ प्रविधि र डिजाइनमा बनेका जुत्ताले ह्वात्तै बजार लिएपछि जुत्तामै आश्रित सार्कीहरूको रोजीरोटी सङ्कटमा परेको छ ।*

नभएकै कारण ग्राहकको रोजाई पनि सार्कीले बनाएका होइन, रेडिमेड जुत्ता हुने गरेका छन् ।

जुत्ता निर्माण र मर्मतको कामबाटै गुजारा गर्ने दले बलयकोटीको पीडा पनि सेतबहादुरकै जस्तो छ । बनाएको जुत्ता त अब बिक्दैबिक्दैन, मर्मत गरेको पैसाले पनि साँझबिहानको अनाज किन्न पुग्दैन । उनको दुःखेसो छ, 'गुजारा गर्नै यस्तो धौ-धौ छ, बिरामी भए त त्यसै मर्ने भइयो ।' पुर्ख्यौली पेसा र गुजारा दुवै सङ्कटमा परेपछि दले आत्तिएका छन् । १५ वर्षदेखि यही काम गर्दै आएका उनी भन्छन्, 'जुत्ता बेच्न रेडिमेड पसलसँग प्रतिस्पर्धा गर्नुपर्छ, त्यसका लागि चाहिने लगानी हामीले कहाँबाट ल्याउने ?' नयाँ लगानी नगरे पेसा धान्नै गाह्रो छ । तर, ऋण पनि कसले दिने ? बैंकले बिनाधितो ऋण दिन मान्दैन, अरूसँग माग्दा पत्याउँदैनन् । 'काम गरौं, सामान बिक्री हुन्न, पैसा हुँदैन, नगरौं त पुर्ख्यौली पेसा बन्द हुने भो,' उनी भन्छन्, 'हामीलाई त बाँच्नै गाह्रो भो हजुर ।'

*कम्तीमा बैंकबाट सर्वसुलभ ऋण र सरकारबाट केही आर्थिक सहयोग पाइयोस् भन्ने उनीहरूको आशसमेत छ । 'त्यति मात्र भइदिए हाम्रो गरिखाने बाटो खुल्थ्यो,' भन्ठान्छन् उनीहरू । तर, त्यस्तो पहल भएकै छैन । 'हाम्रै दाजुभाइलाई फेसनका सामान मात्र चाहिन्छ, आफ्नै उत्पादनको कुनै महत्व छैन,' रमेश दुःखेसो सुनाउँछन्, 'आफ्नोजस्तो राम्रो सामान बाहिरको हुँदैन भनेर उनीहरूले कहिले बुझ्लान् ?'*

उनले केही महिनाअघि ऋण-सापट गरी १०-१२ जोर जुत्ता बनाएका थिए, त्यो पनि बिकेन । अब त घरभाडा तिर्ने समस्यासमेत छ, त्यसमाथि नगरपालिकालाई पसल राखेबापत मासिक रु. ३५० कर तिर्नुपर्छ । 'हामी त मर्नु न बाँच्नुको अवस्थामा पुगिसक्यौं,' उनले दुःखेसो सुनाए ।

जुत्ता चप्पल बनाउने र त्यसैबाट गुजारा गर्ने सार्की जातिको पुर्ख्यौली पेसा हो । पुर्खाको बिंडो थाम्दै बसेकाले अरू काम सिकेनन् । पुर्ख्यौली पेसाको मायाले पनि अरू काम सिक्ने सोचाइ आएन । तर, अहिले त्यही काम 'नखाऊँ भने दिनभरको सिकार, खाऊँ भने कान्छाबाबुको अनुहार'झैं भएको छ । काम गर्दा आम्दानी केही छैन, नगर्दा पुर्खाको अस्तित्व मेटिने खतरा अर्कोतिर छ । न काम गर्न न त छाड्नै सक्ने अवस्था छ ।

त्यही सङ्कटमा बाँचिरहेछन्, वीरेन्द्रनगरकै रमेश रम्तेली । १५ वर्षदेखि जुत्ता बनाउने र मर्मतको काम गर्दै आएका रमेशको जुत्ता बिक्री त ठप्पै भइसक्यो, मर्मतले मात्रै जसोतसो गुजारा चलेको छ । 'यही पेसाबाट सम्पत्ति जोडौंला, बालबच्चा पढाउँला भन्ने आश मरिसक्यो,' उनी दुःखेसो सुनाउँछन्, 'जसोतसो दुईछाक जुट्छ, त्यही ठूलो कुरा हो ।' कहिलेकाहीँ दिनभर ग्राहक कुर्दा पनि खालिहात घर फर्कनुपरेपछि छाक जुट्नै गाह्रो छ । यो विजोगबाट मुक्ति पाउने मन नभएको होइन तर उपाय छैन । 'आमाबाबुले अरू काम सिकाएनन्, यसमै उमेर बित्यो,' दशैंअगाडि बनाएका र अहिलेसम्म नबिकेका आठ जोर जुत्ता देखाउँदै उनले भने, 'पेसा जोगाउन रेडिमेड सामानसँग प्रतिस्पर्धा गर्ने सामान बनाउनुपर्‍यो, त्यसका लागि लगानी बढाउनुपर्‍यो, जो हाम्रा लागि असम्भव भइसक्यो ।'

बजारमा आउने सस्ता रेडिमेड जुत्तासँग प्रतिस्पर्धा गर्न नसकिने र प्रतिस्पर्धाका लागि तयार हुन उचित लगानी पनि गर्न नसक्ने जुत्तामै आश्रित समुदाय त्यही कारण आफ्नो पुर्ख्यौली पेसाबाट हात धुनुपर्ने अवस्थामा पुगेको छ । पेट भोको राखेर भए पनि उनीहरू पुर्ख्यौली पेसा जोगाउन मरिमेट्दैछन् तर भोको पेटको 'स्वयम्सेवा'ले कतिन्जेल धान्ने हो, ठेगान छैन । 'दुई-चार छाक भोकै परे पनि पुर्ख्यौली पेसा छाड्नु नपरोस्,' भन्ने कामना गर्दै टिकेका छन् उनीहरू ।

यतिको विजोग र समुदायकै अस्तित्व लोप हुने अवस्था आइसक्दा पनि सार्कीहरू सङ्गठित छैनन् । सङ्गठन नभएकैले समस्याले महत्व पाउँदैनन् । जुत्ता बनाएरै गुजारा गर्ने टेकबहादुर दुःखेसो गर्छन्, 'हामी हुनेखाने भइदिए, हाम्रो सङ्गठन भएको भए सबैले समस्या सुन्थे होला, हामी आफैं कमजोर छौं, कमजोरको चित्कार कसले सुन्ने ?'

एउटा समुदायकै अस्तित्व सङ्कटमा परिसक्दा पनि सरकारले चासो नदिएको उनीहरूको आरोप छ । कम्तीमा बैंकबाट सर्वसुलभ ऋण र सरकारबाट केही आर्थिक सहयोग पाइयोस् भन्ने उनीहरूको आशसमेत छ । 'त्यति मात्र भइदिए हाम्रो गरिखाने बाटो खुल्थ्यो,' भन्ठान्छन् उनीहरू । तर, त्यस्तो पहल भएकै छैन । नेपाली ग्राहकहरू संवेदनाहीन हुँदै गएको दुःखेसोसमेत छ उनीहरूको । 'हाम्रै दाजुभाइलाई फेसनका सामान मात्र चाहिन्छ, आफ्नै उत्पादनको कुनै महत्व छैन,' रमेश दुःखेसो सुनाउँछन्, 'आफ्नोजस्तो राम्रो सामान बाहिरको हुँदैन भनेर उनीहरूले कहिले बुझ्लान् ?' सरकारले समस्या बुझ्नुपर्ने, नभए छुट्टै जीवनयापनको व्यवस्था हुनुपर्ने उनीहरूको माग छ । सेतबहादुर भन्छन्, 'कि हाम्रो जुत्ताको बजार खोजिदिनुपर्‍यो, होइन भने हामीलाई बाँच्ने आधार बनाइदिनुपर्‍यो ।'

यो समस्याबारे राज्य र नेपाली उपभोक्ता कोही पनि संवेदनशील बन्न नसकेको देखिन्छ । त्यसको ज्वलन्त उदाहरण यसपालिको सुर्खेत महोत्सवमा देखियो । मङ्सिरमा आयोजित सुर्खेत महोत्सवमा भाडा तिर्न नसक्ने अवस्था भए पनि आफैं जुत्ता बनाउनेहरू मिलेर घरेलु तथा साना उद्योग कार्यालयको सहयोगमा एउटा स्टल राखे । तर, १० दिनसम्म चलेको महोत्सवमा एकजोर जुत्ता मात्रै बिक्री भयो । घरेलु तथा साना उद्योग विकास समिति सुर्खेतका प्रमुख विनोददेव पन्त सरकारले ध्यान नदिँदा र उपभोक्ता पनि फेसनमुखी हुँदा सार्कीले बनाउने जुत्ता लोप हुने अवस्थामा पुगिसकेको बताउँछन् । आफू विजोगमा परेर भए पनि पुर्ख्यौली पेसालाई निरन्तरता दिन लागिपरेको सार्की जातिलाई पुर्ख्यौली पेसाबाट विमुख हुने अवस्थाबाट जोगाउनुपर्ने बताउँदै उनी भन्छन्, 'त्यसका

लागि राज्य पनि गम्भीर बन्नुपर्‍यो, उपभोक्तामा आफ्नोपनको चेतना आउनुपर्‍यो, अनि बेलाबेलामा यस्ता सामानको प्रदर्शनी र उनीहरूको क्षमता/दक्षता वृद्धिको अवसर पनि जुटाउनुपर्‍यो ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सूचनाको संसार वेभसाइट

*साइबरमा गएर सूचना हेर्नु, प्रयोगात्मक अभ्यास गर्नु ठीक हो । तर खेल खेल्न जानुचाहिँ ठीक होइन । कम्प्युटरका रेडिमेट खेलहरूले सिर्जनशीलता बढ्दैन । बरु उनीहरूमा भएको सिर्जनशीलता पनि घटाइदिन्छ । वेभसाइटबाट सिक्न सकिने ज्ञानका कुरा धेरै छन् । तर, प्रयोग गर्न जान्नुपर्छ ।*

✍ **इन्दिरा आचार्य**

**बुटवल**/ बुटवलको कालिकानगरकी सीता क्षेत्रीको छोरा विनोद स्कुलबाट ढिलो घर आउँथ्यो । सधैं त्यस्तै गरेपछि एक दिन सीता छोरो खोज्न स्कुलमै पुगिन् । ऊ स्कुलमा थिएन । केटाकेटीको हुल नजिकैको साइबरवरिपरि देखिन् । त्यसैले उनी पनि त्यतै गइन् । छोरो साइबरमा म्यारिज खेलिरहेको थियो । त्यो देखेर उनलाई रिसको पारो चढ्यो । छोरालाई समातेर घरमा ल्याइन् । उसलाई जतिबेला पनि साइबर नजान धेरै सम्झाइन् । तर छोराले बानी सुधारेन । सीता भन्छिन्, 'झन् चोरीचोरी जान थाल्यो । पैसा देख्यो कि चोरिहाल्छ । घरका बोक्न सक्ने चिज पनि चोरेर भ्याइसक्यो । ज्ञानका कुरा सिक्न होइन, साइबरमा खेल्न जान्छ ।'

हुन पनि सीताका घरबाट दिनहुँजसो तामा, पित्तल र काँसका सामानहरू हराइरहन्थे । उनी कवाडीवालाले चोरेको ठान्थिन् र खुब सराप्थिन् । उनी भन्छिन्, 'एक दिन उसैले स्कुल ब्यागमा अंखोरा राखेको देखेँ । अनि थाहा पाएँ । साइबर जान पैसा जुटाउन चोर्ने काम पनि थालेछ ।'

त्यस दिन सीताले छोरालाई धेरै कुटिन् । धेरै सम्झाइन् । तर, उसले आफ्नो बानी छोडेन । चोरेर भए पनि म्यारिज खेल्न साइबर गइरह्यो । उनले भनिन्, 'बानी छुटाउन नसकेर दिक्क भएकी छु ।'

बुटवल नगरपालिकाभित्र करिब ६० वटा साइबर क्याफे छन् । त्यहाँका धेरैजसो ग्राहक ६ देखि १५ वर्षका बालबालिका हुन् । एउटा साइबरमा दैनिक २० देखि २५ जना जान्छन् । यस हिसाबले दैनिक १५ सय बालबालिका साइबरमा भुल्छन् । साइबरमा एक घन्टा बस्दा २० रुपैयाँ तिर्नुपर्दछ । तर, धेरैजसो त्यो पैसा अभिभावकको स्वीकृतिबिना गएको हुन्छ । विनोदजस्तै अन्य बालबालिका यसरी नै साइबर जान्छन् । गुगल साइबर सञ्चालक शिशिर पाण्डे भन्छन्, 'कसरी पैसा ल्याउँछन् हामीलाई थाहा हुन्न ।'

*साइबरमा भुल्ने सबैजसो बालबालिका स्कुले विद्यार्थी हुन् । बच्चाहरूको धेरैजसो समय स्कुलमा बित्छ । घरभन्दा स्कुल आफ्ना लागि प्यारो ठान्छन् । बाबुआमाभन्दा शिक्षकशिक्षिकाले भनेका कुरा बढी मान्छन् । तर, विद्यालयले बालबालिकाको सानोतिनो काममा ध्यान दिएको पाइन्न ।*

साइबर सञ्चालकहरूका अनुसार साइबरमा जाने सबै बालबालिका नराम्रो काममा मात्र भुल्दैनन् । कम्प्युटरमा ज्ञानगुनका कुरा पनि खोज्छन् । उनीहरू स्कुलमा पढेर बाँकी रहेका काम पूरा गर्ने, प्रयोगात्मक अभ्यास गर्ने र सूचना हेर्ने गर्छन् । साइबर जाने आधाजसो केटाकेटी भने अनौठा खेल खेलेर समय बिताउँछन् । कोही यौनसम्बन्धी वेभसाइट पनि हेरेर बस्छन् । सञ्चालकहरू भन्छन्, 'पैसा तिरेपछि जे हेरे पनि नहेर भन्न मिलेन ।'

हुन पनि नेपालमा साइबर कानुन आजसम्म बनेको छैन । साइबरमा जुन वेभसाइट पनि हेर्न छुट छ । 'साइबर सञ्चालन गर्न कतै दर्ता पनि हुनुपर्दैन,' सञ्चालक राकेश थापा भन्छन् ।

इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक जगतमान श्रेष्ठका अनुसार साइबरमा अश्लील

*बुटवल नगरपालिकाभित्र करिब ६० वटा साइबर क्याफे छन् । त्यहाँका धेरैजसो ग्राहक ६ देखि १५ वर्षका बालबालिका हुन् । एउटा साइबरमा दैनिक २० देखि २५ जना जान्छन् । यस हिसाबले दैनिक १५ सय बालबालिका साइबरमा भुल्छन् । साइबरमा एक घन्टा बस्दा २० रुपैयाँ तिर्नुपर्दछ । तर, धेरैजसो त्यो पैसा अभिभावकको स्वीकृतिबिना गएको हुन्छ । गुगल साइबर सञ्चालक शिशिर पाण्डे भन्छन्, 'कसरी पैसा ल्याउँछन् हामीलाई थाहा हुन्न ।'*

कुरा देखाइयो या साइबर जाने बालबालिकाले बद्मासी गरे भनेर आजसम्म उजुरी परेको छैन । उजुरी नपरेकाले प्रहरीले खोजतलासी पनि गरेको छैन। उनले भने, 'कसैले उजुरबाजुर नगरी हामीले के गर्ने ? समस्या बताउनै कोही आएको छैन ।'

बालमनोवैज्ञानिकका अनुसार ६ देखि १३ वर्षसम्मको उमेर अति संवेदनशील उमेर हो । यो उमेर आमाबाबुका लागि छोराछोरीलाई सही बाटोमा हिँडाउने समय पनि हो। बालबालिका पनि यतिबेला आफ्ना साथीसँग बढी बस्न मन पराउँछन्। नयाँ सीप र ज्ञान सिक्न खोज्छन्। त्यसैले अहिलेका बालबालिका कम्प्युटरमा खेल्न खोज्छन् । कम्प्युटर खेल्दैमा र साइबर जाँदैमा नराम्रो भन्न मिल्दैन। तर, ती खेलहरूमा सिर्जनशीलता नहुने भएकाले धेरै समय भुल्न दिन नहुने बालमनोवैज्ञानिकहरू बताउँछन् ।

सामान्यतया सरकारीभन्दा बोर्डिङ स्कुलमा पढ्ने बालबालिका साइबर जान्छन्। तर, सबैले राम्रो ज्ञान लिन मात्र साइबर प्रयोग गर्दैनन्। शिक्षक शालिकराम भुसाल भन्छन्, 'धेरै समय साइबरमा बस्दा चाहिँदोभन्दा नचाहिँदो कुरामा भुल्ने रहेछन्। त्यसैले नियमित साइबर जाने धेरैजसो विद्यार्थीले गृहकार्य सिध्याउन्नन् ।'

जति-जति विज्ञान र प्रविधिको विकास हुँदै गएको छ त्यति नै त्यसका फाइदा र बेफाइदा पनि देखिएका छन्। विज्ञानले मानिसलाई धेरै सुविधाभोगी बनाएको छ। कम्प्युटरमा बसेर संसारै जान्ने र देख्ने पनि बनाएको छ। उहिले ढुङ्गो र माटोमा खेलिने खेल पनि खेलाएको छ। बालमनोविज्ञानका प्राध्यापक डाक्टर नारायण बेलवासे भन्छन्, 'त्यसैले अहिले बालबालिकाले बढी मात्रामा साइबर जाने र वेभसाइट हेर्न गरेका हुन्। यसले बालबालिकाको ज्ञान बढाएको छ। तर, सिर्जनशीलता घटाएको छ ।'

उनका भनाइमा बढ्दो उमेरमा बालबालिकाहरू यौनमा उत्सुक हुन्छन्। यसले गर्दा कम्प्युटरमा राखिएका खुला र नाङ्गा चित्रहरू हेर्न मन पराउँछन् । त्यसैले कोही बालबालिका खुला र नाङ्गा चित्रहरू हेर्नै पनि साइबर जान्छन्। चोरेर, भागेर र छलेर साइबर जाने पनि तिनै हुन् ।

प्राध्यापक बेलवासेले बालबालिकालाई खेल खेल्न मात्र साइबरमा पठाउन नहुने बताए । उनले भने, 'साइबरमा गएर सूचना हेर्नु, प्रयोगात्मक अभ्यास गर्नुचाहिँ ठीक हो। किनकि कम्प्युटरका रेडिमेट खेलहरूले सिर्जनशीलता बढाउँदैन। बरु उनीहरूमा भएको सिर्जनशीलता पनि घटाइदिन्छ ।'

विकल्प के त ? उनले भने, 'बालबालिकालाई भुल्ने र मनोरञ्जन दिने चेस, लुँडोलगायतका खेल खेलाउने, धेरैजसो समय अभिभावक बालबालिकानजिकै रहने, साथीभाइसित जस्तो व्यवहार गर्ने गरे त्यस्तो समस्या कम हुन्छ ।'

साइबरमा भुल्ने सबैजसो बालबालिका स्कुले विद्यार्थी हुन्। बच्चाहरूको धेरैजसो समय स्कुलमा बित्छ। घरभन्दा स्कुल आफ्ना लागि प्यारो ठान्छन्। बाबुआमाभन्दा शिक्षकशिक्षिकाले भनेका कुरा बढी मान्छन्। तर, विद्यालयले बालबालिकाको सानोतिनो काममा ध्यान दिएको पाइन्न। अभिभावक रामप्रसाद शर्मा भन्छन्, 'हामीले भनेको मान्दैनन्। तर, विद्यालयले कक्षाबाहिरका कुरामा ध्यान दिँदैन। यसले बानी छुटाउन अप्ठेरो परेको छ ।'

प्याब्सन रूपन्देहीका अध्यक्ष लोकनाथ उपाध्याय बालबालिका साइबर जानु गलत बानी नभएको बताउँछन्। उनी भन्छन्, 'बालबालिका साइबर जानु नै गलत होइन। वेभसाइटबाट सिक्न सकिने ज्ञानका कुरा धेरै छन्। तिनलाई सिक्न जान्नुपर्छ। तर, घरमा चोरेर र छलेर जानु भएन। त्यसलाई रोक्नुपर्‍यो ।'

अध्यक्ष उपाध्यायका अनुसार अभिभावकले घरमा बढी पुलपुल्याउने, बेकाममा पैसा दिने र जे भन्यो त्यो मान्ने गर्दा छोराछोरी बिग्रन्छन्। उनी भन्छन्, 'विद्यालयभित्र हामी हेर्छौं। घरमा आमाबाबुले निगरानी गर्नुपर्छ। नत्र तालमेल मिल्दैन। बालबालिका बिग्रन्छन्। जथाभावी साइबर जाने कुरा पनि त्यही हो ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com


सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह